सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार लमजुङ

आज मिति २०८० साल श्रावण २५ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद कोइराला ज्यूको अध्यक्षतामा बसेको आ.व २०८०/८१ को पहिलो बैठकमा तपशिल अनुसारको उपस्थिती रह्यो ।

तपशिल

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद कोइराला | नगर प्रमुख | |
| २ | भवानी के.सी | उप प्रमुख | |
| ३ | कर्न बहादुर गुरुङ | अध्यक्ष वडा नं १ | |
| ४ | नविन कुमार श्रेष्ठ | अध्यक्ष वडा नं २ | |
| ५ | अमृत न्यौपाने | अध्यक्ष वडा नं ३ | |
| ६ | कृष्ण प्रसाद अधिकारी | अध्यक्ष वडा नं ४ | |
| ७ | श्रीकाजी गुरुङ | अध्यक्ष वडा नं ५ | |
| ८ | दिनेश बाबु कोइराला | अध्यक्ष वडा नं ६ | |
| ९ | जय राम रेग्मी | अध्यक्ष वडा नं ७ | |
| १० | विजेन्द्र थापा | अध्यक्ष वडा नं ८ | |
| ११ | मनराज गुरुङ | अध्यक्ष वडा नं ९ | |
| १२ | दिपक राज ढकाल | अध्यक्ष वडा नं १० | |
| १३ | ओम बहादुर दुरा | अध्यक्ष वडा नं ११ | |
| १४ | राधा मल्ल | कार्यपालिका सदस्य | |
| १५ | इन्दु अधिकारी | कार्यपालिका सदस्य | |
| १६ | भगवती देवी वि.क | कार्यपालिका सदस्य | |
| १७ | राधिका अधिकारी (भट्टराई) | कार्यपालिका सदस्य | |
| १८ | सुकमाया गुरुङ | कार्यपालिका सदस्य | सुकमाया |
| १९ | कृष्ण बहादुर दुरा | कार्यपालिका सदस्य | |
| २० | राजेन्द्र वि.क | कार्यपालिका सदस्य | |
| २१ | विल बहादुर घर्ती | कार्यपालिका सदस्य | |
| २२ | शिशिर पौडेल | सदस्य सचिव | |

अन्य उपस्थिति:

| | | | |
|---|---|---|---|
| १ | ठाकुर जी तिवारी | उपसचिव, अधिकृत स्तर प्रौ | |
| २ | नरेन्द्रराज घिमिरे | लेखा अधिकृत | |
| ३ | विवेक कुमार पन्थि | अधिकृत | |
| ४ | सुमन मिश्र | स.प्र.अ. | |

## नगर-कार्यपालिकाको मिति २०८०/०४/२५ गते बसेको आ.व २०८०/८१ को पहिलो बैठकका निर्णयहरु :

**निर्णय नं १**

सुन्दरबजार नगरकार्यपालिकाको मिति २०८०/०३/०७ गते बसेको आ.व २०७९/८० को अठारौं बैठकको निर्णयहरुको समीक्षा गरियो । उक्त बैठकमा १५ वटा निर्णयहरु भएकोमा निर्णयहरु कार्यान्वयनको क्रममा रहेको पाईयो ।

**निर्णय नं २**

आ.व २०७९/८० को प्रगती समिक्षा मिति २०८० श्रावण ३२ गते ११ बजे सुन्दरबजार नगरपालिकाको सभाहलमा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

आ.व २०८०/८१ को तपशिल अनुसारको योजना वजेट तथा कार्यक्रम कार्यान्वयन कार्यतालिका स्वीकृत गरियो ।

तपसिल

| सि.नं | विषय | जिम्मेवार व्यक्ति/समय | सहयोगी व्यक्ति/निकाय | कैफियत |
|---|---|---|---|---|
| १ | योजनाको लागत अनुमान तयार | वडा/नगरपालिका प्राविधिकबाट निरन्तर | सम्बन्धित वडाको वडा अध्यक्ष र वडा समितिबाट | |
| २ | भौतिक निर्माण तर्फका सबै उपभोक्ता समिति गठन र सोको जानकारी नगरपालिकामा पठाईसक्ने | वडा/नगरपालिका प्राविधिकबाट निरन्तर | सम्बन्धित वडाको वडा अध्यक्ष र वडा समितिबाट | |
| ३ | उपभोक्ता समितिलाई अभिमुखिकरण र तालिम | योजना शाखा लगायतका कर्मचारी/विज्ञबाट निरन्तर | लेखा तथा विज्ञ कर्मचारी | |
| ४ | उपभोक्ता समितिले काम गर्ने | असोज देखि फागुन मसान्त सम्म/बढीमा ४ महिना | वडा समिति तथा वडा प्राविधिकको प्रत्यक्ष रोहबरमा काम गर्नुपर्ने | तोकीएको समय भित्र काम सम्पन्न गर्ने र भुक्तानी लिने |
| ५ | योजना अनुगमन, जाँचपास तथा फरफारक | सम्पन्न योजनाको फाइल र सूचना प्राप्ती पश्चात | योजना, प्राविधिक र लेखा शाखा | |
| ६ | सामाजिक विकासका कार्यहरु जस्तै शैक्षिक कार्यक्रम, खेलकुद, कृषि, पशुपालन, स्वास्थ्य, लक्षित कार्यक्तमहरु (महिला, दलित, जनजाति , अपाङ्ग, जेष्ठ नागरिक लगायत) | सम्बन्धित शाखाले प्रस्तावना स्वीकृत गर्ने, सो शाखाको अनुगमन हुनुपर्ने र शाखाको सिफारिस सहित प्रतिवेदन पेश गरि भुक्तानीको लागि कार्यालय प्रमुख समक्ष पेश गर्ने | सम्बन्धित विषयगत शाखा प्रमुख तथा शाखामा कार्यरत सम्पूर्ण कर्मचारीहरु र वडा सचिवहरु | |
| ७ | वडा तर्फका खरिद कार्यक्रम | खरिदको काम एकद्वार प्रणली मार्फत नगरपालिकामा भएको खरिद ईकाईले मात्र प्रचलित नियमानुसार गर्ने | जिन्सी फाँट र खरिद ईकाई समिति | खरिद पश्चात नगरपालिकाबाट सम्बन्धित वडामा हस्तान्तरण हुने र वडाले वितरण गर्ने |

शिशिर पौडेल
प्रशासकीय अधिकृत

निर्णय नं ४

नगरपालिकाको आ.व २०८०/८१ को कार्यक्रम संचालनको लागि तपसिलका कार्यविधि निर्माण गरी आगामी बैठकमा पेश गर्नको लागि विधेयक समितिमा पठाउने निर्णय गरियो ।

तपसिल

१. ब्याकहो लोडर संचालन सम्बन्धी कार्यविधि-२०८०
२. उप-प्रमुख महिला उद्यमी प्रबर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि-२०८०
३. आधा लागत सहभागितामा विपन्न नागरिकलाई गाई भैसी पालन अनुदान कार्यक्रम कार्यविधि-२०८०
४. विपन्न नागरिक स्वास्थ्य विमा सहयोग कार्यविधि-२०८०
५. कृषि उत्पादन र पशुपालन पकेट कार्यक्रम संचालन कार्यविधि-२०८०
६. मलामी सहितको सववाहन व्यवस्थापन कार्यविधि-२०८०
७. लागत सहभागितामा अदुवा/हलेदो खेती कार्यक्रम संचालन कार्यविधि-२०८०
८. लागत सहभागितामा प्लाष्टिक घर निर्माण/व्यवसायीक तरकारी खेती कार्यक्रम संचालन कार्यविधि-२०८०
९. युवा लक्षीत कार्यक्रम संचालन कार्यविधि-२०८०
१०. सुन्दरबजार नगरपालिकाको स्थानीय भवन संहिता, २०८०
११. कर्मचारी ईन्धन सुविधा तथा सवारी मर्मत सम्बन्धी मापदण्ड-२०८०

निर्णय नं ५

सुन्दरबजार नगरपालिका भित्र रहेका नदी तथा खोलामा रहेका नदीजन्य पदार्थ उत्खननको लागि प्रारम्भीक वातावरणीय परीक्षण (IEE) गरी श्री जिल्ला समन्वय समिति, लमजुङ्गबाट स्वीकृति प्राप्त गरी ठेक्का प्रक्रियाद्धारा नदीजन्य पदार्थ उत्खनन्गर्ने निर्णय गरियो ।

निर्णय नं ६

सुन्दरबजार नगरपालिकाको आर्थिक ऐन-२०८० मा व्यवस्था भए बमोजिम कवाडी करको न्यूनतम अंङ्क रु ३ लाख किटान गरी ठेक्का प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं ७

ल्याण्डफिल्ड साईटको बैकल्पिक जग्गा व्यवस्थापन र फोहोर उठाउने ठेक्काको लागि न्यूनतम अंङ्क सहितको प्रतिवेदन तयार गर्नको लागि तपसिल अनुसार समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

संयोजक - नविन कुमार श्रेष्ठ
सदस्य- कर्न बहादुर गुरुङ्ग
सदस्य सचिव- विदुर सुवेदी

निर्णय नं ८

बहुउद्धेश्यीय सभाहल सहितको सिटी हल निर्माण कार्यका लागि नगरबिकास कोष सँग सहकार्यका लागि डि.पि.आर लगायतका काम गर्ने निर्णय गरियो ।

शिशिर पौडेल
प्रशासकीय अधिकृत

| सि.न. | प्रस्तावित योजनाको नाम | वडा न. | योजनाको प्रकृति | कैफियत |
| --- | --- | --- | --- | --- |
| १८ | वड भित्रका सिंचाई कुलो तथा नाला मर्मत | ६ | मर्मत सम्भार | |
| १९ | वडा भित्रका सिंचाई कुलो तथा नाला मर्मत | ७ | मर्मत सम्भार | |
| २० | वडा भित्रका पानीका मुल, पोखरी, बिश्रामस्थल, पर्खाल तथा सिंडी मर्मत | ७ | मर्मत सम्भार | |
| २१ | छत्रे पुलबाट डिलको चौतारा सिंडी मर्मत | ७ | मर्मत सम्भार | |
| २२ | त्रिवेणी मोटरबाटो स्तरोन्नती | ८ | मर्मत/नयाँ निर्माण | |
| २३ | घोक्रेस्वाँरा सिंडी बाटो मर्मत | ८ | मर्मत/नयाँ निर्माण | |
| २४ | पैरे भुजेल समाज देखि सिख जाने मोटरबाटो नाला निर्मण | ९ | मर्मत/नयाँ निर्माण | |
| २५ | लसुने खोला खानेपानी टंकी देखि माथि सिरसिरे डाँडा जाने अपुरो सिंडी निर्माण | ९ | मर्मत/नयाँ निर्माण | |
| २६ | कटहरबोट आमा समुह भवन देखि माथि सिंढी निर्माण | ९ | मर्मत/नयाँ निर्माण | |
| २७ | शौचालय निर्माण र पार्क निर्माण योजना | १० | नयाँ निर्माण | |
| २८ | धुसेनी चौडाँडा कानेश्वारा बासपानी पद मार्ग | १० | मर्मत/नयाँ निर्माण | |
| २९ | गैरीखरीया कर्तपुर सिंढी निर्माण | १० | मर्मत/नयाँ निर्माण | |
| ३० | वडा भित्रका नाला सरसफाई तथा मर्मत | १० | मर्मत सम्भार | |
| ३१ | भिरपानी देखी साउनेपानी ठाडो उकालो बाटो | ११ | नयाँ निर्माण | |
| ३२ | कुसुण्डे देखि साउनेपानी स्कुल ढुङ्गा सम्म सिंडी बाटो निर्माण | ११ | नयाँ निर्माण | |
| ३३ | वडा भित्रका नाला सरसफाई तथा मर्मत | ११ | नयाँ निर्माण | |

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं १५

आर्थिक वर्ष २०८०/०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यन्वयन गर्न निम्नानुसार आयोजना बैंकबाट प्राथमिकीकताको आधारमा योजना छनौट गरि कार्यन्वयन गर्ने निर्णय गरियो ।

**आयोजना बैंकको बिवरण**

| सि. न. | प्रस्तावित योजनाको नाम | वडा न. | योजनाको प्रकृति | कैफियत |
|---|---|---|---|---|
| १ | कुन्छा बजार देखि शान्ति मा.वि. देखि आमडाँडा जाने ठाडो गोरेटो बाटो | १ | मर्मत/नयाँ निर्माण | |
| २ | वडा भित्रका चौताराहरु सरसफाइ तथा मर्मत | १ | मर्मत सम्भार | |
| ३ | वडा भित्रका कुलो तथा नाली सरसफाई तथा मर्मत | १ | मर्मत सम्भार | |
| ४ | सिमलबोटे- सुनार गाउँ जाने बाटो | २ | मर्मत/नयाँ निर्माण | |
| ५ | मनकामना पाणिनी सडक नाला निर्माण | ३ | नयाँ निर्माण | |
| ६ | आन्तरिक सडक स्तरोन्नती | ३ | मर्मत सम्भार | |
| ७ | वडा भित्रका गोरेटो बाटो मर्मत | ३ | मर्मत सम्भार | |
| ८ | कटरेधारा देखि सिम्ले चौतारा जुगेपानी गोरेटो बाटो सिंडी | ४ | मर्मत/नयाँ निर्माण | |
| ९ | मुडे चौताराबाट खुम्रुक हुदै चालिसे गोरेटो बाटो | ४ | मर्मत/नयाँ निर्माण | |
| १० | विष्टेश्वारा गोरेटो बाटो सिंडी | ४ | मर्मत/नयाँ निर्माण | |
| ११ | थाक्ले देखि ढाँडस्वाँरा जाने बाटो | ५ | मर्मत सम्भार | |
| १२ | कुमाल खोला-आहाले एक्ले चौतारा हुदै वाङ्मेपिपल गोरेटो बाटो | ६ | मर्मत सम्भार | |
| १३ | बासबोटे धारा हुदै ऐसेलुचौर चौतारा सम्मको गोरेटो बाटो | ६ | नयाँ निर्माण | |
| १४ | तुरतुरे धारा देखि वाङ्मेपिपल जाने बाटो | ६ | मर्मत सम्भार | |
| १५ | आडमाडे पानी कुवा मर्मत तथा निर्माण | ६ | नयाँ निर्माण | |
| १६ | पक्की शौचालय निर्माण योजना | ६ | मर्मत सम्भार | |
| १७ | साना किसान मुनिको तेर्सो बाटो स्तरोन्नति | ६ | मर्मत सम्भार | |

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

| सि.नं | कार्यक्रमको नाम | कारोबारको संक्षिप्त व्यहोरा | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बाँकी रकम |
|---|---|---|---|---|
| १२ | नगरपालिका भवन परिसरमा कोशेली घर निर्माण | भवन निर्माण | देउराली माई कन्स्ट्रक्सन | ९९९०४९.०० |
| १३ | ल्याण्डफिल साइट पूर्वाधार निर्माण | फोहोर मैला व्यवस्थापन | शिवजी कन्स्ट्रक्सन | ९७३६४६.०० |
| १४ | कृषि उपज संकलन केन्द्रमा रङ्ग रोगन तथा सटर निर्माण | भवन निर्माण | भागिरथी देवी निर्माण सेवा | १८४०९६.०० |
| १५ | विपद व्यवस्थापन सु.न.पा ८ | विपदमा परेकालाई सहयोग | लक्ष्मण थापा | ३२९९१.०० |
| १६ | विपद व्यवस्थापन सु.न.पा ४ | विपदमा परेकालाई सहयोग | श्रेष्ठ निर्माण स्टोर्स | ९९६३२.०० |
| १७ | ढकाल खोल्सीदेखी सिद्धेश्वर कालिका मन्दिरसम्म सडक निर्माण सु.न.पा ७ | लागत साझेदारीमा सडक निर्माण | नगरपालिकाबाट रु २९२४९९३<br>उ.स.को साझेदारी रु १४४०२१० | २९२४९९३.०० |
| १८ | ८० प्रतिशत अनुदानमा १० जना कृषकलाई टनेल निर्माण योजना सु.न.पा ६ | कृषि कार्यक्रम | ८० प्रतिशत अनुदानमा १० जना कृषकलाई टनेल निर्माण योजना | ४०००००.०० |
| १९ | चिहानपाटा वडा कार्यालय संगैको सडक ढलान योजना वडा नं ३ | लागत सहभागितामा सडक कालोपत्रे तथा ढलान गर्ने | न.पा.बाट रु ११६५६२९ । उ.स.को रु ४९९५५६ | ११६५६२९.०० |
| | | जम्मा | | ९४८४५१३ |

**निर्णय नं १४**

कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक योजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम योजना कार्यन्वयन गर्दा सुचिकृत बेरोजगारको एकमुष्ट प्राथमिकिकरण वा सम्बन्धित वडागत प्राथमिकिकरणमा परेका सुचिकृत बेरोजगारहरुलाई परिचालन गरि सोहि वडाको योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

शिशिर पौडेल
...कृत अधिकृत

**निर्णय नं १३**

गत आ.व २०७९/०८० मा संचालनमा रहेका क्रमागत योजना तथा अन्य योजनाहरु आर्थिक प्रशासन शाखाको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) सुचारु नभएकोले कार्यसम्पन्न भएर पनि भुक्तानी दिन नसकिएका तपसिल अनुसारको योजनाहरुको भुक्तानी दिन बाँकी शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

तपसिल

| सि.नं | कार्यक्रमको नाम | कारोबारको संक्षिप्त व्यहोरा | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बाँकी रकम |
|---|---|---|---|---|
| १ | ब्याक हो लोडर संचालन खर्च | अपरेटर भत्ता | गंगा बहादुर गुरुङ्ग | ५७६०० |
| २ | उपचार सेवा-पशु सेवा शाखा | पशुपंक्षीको उपचारका लागि औषधी खरिद | मध्य नेपाल सामुहिक भेट फर्मा | ३००००० |
| ३ | आर्थिक सहायता | खानेपानीका लागि बिजुलीको बिल भुक्तानी | दुराडाँडा तथा चन्द्रेश्वर एकीकृत खानेपानी तथा सरसफाई उ.स | १४०००० |
| ४ | सामाजिक परीक्षण-स्वास्थ्य शाखा | सामाजिक परीक्षण | ग्रामीण सामुदायिक विकास केन्द्र रु ६०००० र निर्मल अधिकारी रु ३९८०० | ९९८०० |
| ५ | पानी बिजुली | विभिन्न स्वास्थ्य संस्थाहरुको बिजुली, पानी तथा इन्टरनेट शुल्क भुक्तानी | रामशरण आचार्य | १५०७५४ |
| ६ | इन्धन खर्च | इन्धन खर्च भुक्तानी | भोटेवडार आयल स्टोर | ६५५९० |
| ७ | वडा बैठक भत्ता | बैठक भत्ता भुक्तानी-सु.न.पा ९ | वडा नं ९ का जनप्रतिनिधि तथा कर्मचारी | ३७५०० |
| ८ | ब्याक हो लोडर संचालन सु.न.पा ९ | वडाभित्र सडक सरसफाई | बि.जी इन्जिनियरिङ पार्टस एण्ड कन्स्ट्रक्सन | १७०६३० |
| ९ | विपद व्यवस्थापन सु.न.पा २ | विपदमा परेकालाई सहयोग | ज्ञानमाया थापा रु ३२९९१ । भगवान श्रेष्ठ रु ४६००० । | ७८९९१.०० |
| १० | बोगटीबारी आँपस्वारा कुसुण्डे सडक सु.न.पा ६ | लागत सहभागितामा सडक कालोपत्रे तथा ढलान गर्ने | न.पा.बाट रु १५५६१२४ । उ.स.को रु ६६६९१० | १५५६१२४.०० |
| ११ | विपद व्यवस्थापन सु.न.पा ७ | वडाभित्र सडक सरसफाई | रेशम एण्ड गौली कन्स्ट्रक्सन | ४७४८८.०० |

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं ९**

मध्यमस्तरीय बसपार्क निर्माणका लागि खत्रीठाँटीको मध्यपहाडी र कुन्छा/परेवाडाँडा जाने बाटो बिचको कि.नं ५०२ क्षेत्रफल २१-१२-२-० को सार्वजनिक जग्गा नगरपालिकाको नाममा ल्याउन आवश्यक कागजात तयार गरी श्री जिल्ला प्रशासन कार्यालय, लमजुङ्गमा पठाउने निर्णय गरियो ।

**निर्णय नं १०**

सु.न.पा ६, खत्रीठाँटीमा रहेको बसपार्कमा चा.लु आ.व.मा विनियोजित रकम रु २५ लाखबाटे बोलपत्र प्रकाशन गरी ढलान गर्ने निर्णय गरियो ।

**निर्णय नं ११**

आ.व २०८०/८१ वार्षिक कार्यक्रम अनुसार तपशिल अनुसारका योजनाहरु बोलपत्र/कोटेशन माध्यमबाट संचालन गर्ने निर्णय गरियो ।

तपसिल

१. भारती सदन-लिङ्गेडाँडा-रामादी पेट्रोल पम्प मोटरबाटो स्तरोन्नती रु १ करोड ३४ लाख (राष्ट्रिय योजना आयोग विशेष अनुदान)
२. फोहोर व्यवस्थापन तथा प्रशोधन केन्द्र निर्माण रु १ करोड (राष्ट्रिय योजना आयोग विशेष अनुदान)
३. फेदीकुना ऐसेलुचौर चण्डिकोट जाने सडक सु.न.पा ६ रु रु १ करोड (प्रदेश समपुरक)
४. भवन प्राङ्गणमा ढुंङ्गा विच्छाउने रु ८० लाख
५. हाँडेटार सिँचाई आयोजना रु ६० लाख
६. खहरे गहते हुँदै चिसापानी बेशिसहर जोड्ने सडक रु ५० लाख (प्रदेश शसर्त)
७. तार्कु घुमाउने सडकखण्ड स्तरोन्नती रु ४० लाख
८. सडक सौन्दर्यकरण रु १० लाख

**निर्णय नं १२**

आ.व २०८०/८१ वार्षिक कार्यक्रम अन्तर्गत तपसिल अनुसारका समपुरक अनुदान अन्तर्गतका योजनाहरुमा नगरपालिकाको तर्फबाट व्यहोर्नु पर्ने रकम तपसिल अनुसार व्यहोर्ने निर्णय गरियो ।

तपसिल

क. राष्ट्रिय योजना आयोगको समुपुरक अनुदान अन्तर्गतको योजना भारती सदन-लिङ्गेडाँडा-रामदी पेट्रोल पम्प मोटरबाटो स्तरोन्नती रु ५४ लाख ।
ख. गण्डकी प्रदेश सरकारको समपुरक अनुदान अन्तर्गतको योजना फेदीकुना ऐसेलुचौर चण्डिकोट जाने सडक सु.न.पा ६ रु ४० लाख ।

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं १६**

मिति २०५५/०३/०२ मा गठन भएको सुन्दरबजार-भोटेओडार नगरविकास समिति निष्कृय अवस्थामा रहेको छ भने हाल साविकको नगरपालिकामा केही गाँउपालिका समेत गाभिन गई सुन्दरबजार नगरपालिका बनेको छ । नगर विकास ऐन-२०४५ को दफा ४ मा र नगर विकास निर्देशिका-२०६१ को दफा २ मा भएको व्यवस्था भए अनुसार बस्ती विकास योजना संचालनको लागि तपसिल अनुसार नगरविकास समिति गठन गर्नको लागि शहरी विकास मन्त्रालय, सिंहदरबार, काठमाण्डौलाई अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल

**नगरविकास समितिको नाम :** सुन्दरबजार नगर विकास समिति

**नगरपालिकाको सिमाना :** पूर्व राईनास नगरपालिका र दोर्दी गाँउपालिका , पश्चिम मध्यनेपाल नगरपालिका, उत्तर बेशिसहर नगरपालिका, दक्षिण भानु नगरपालिका, तनहुँ

**नगरपालिकाको क्षेत्रफल :** ७२ वर्ग कि.मी क्षेत्रफल ( १५.७३ वर्ग कि.मी वन क्षेत्र)

**नगरपालिकाको जनसंख्या :** कुल २७०४३ जनसंख्या, ७८२९ घरघुरी (राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार )

**निर्णय नं १७**

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्रोत परिचालन समन्वय शाखाको च.नं ९५ मिति २०८०/०३/३१ गतेको पत्र अनुसार प्राप्त स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९ उपर छलफल गरियो । कार्यविधिमा उल्लेख भए बमोजि आर्थिक संवाद समिति गठन तथा स्थानीय आर्थिक विकास (LED) को सूचकहरु प्रविष्ट गर्ने प्रबन्ध मिलाउनको प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं १८**

चालु आ.व २०८०/८१ का लागि तयार गरीएको जिल्ला दररेट स्वीकृति गर्ने साथै यसलाई आधार मानी यस नगरपालिकाका योजना तथा कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधि